## स्थानीय तहको शिक्षा हेर्ने कर्मचारीको कार्य विवरण

- शिक्षा सम्बन्धी स्थानीय योजना गाउँ नगर सभाबाट पारित गराइ कार्यान्वयन गर्ने गराउने, स्थानीय तहको शैक्षिक कार्यक्रम कार्यान्वयन गर्ने गराउने।
- विद्यालय जाने र विद्यालय बाहिर रहेका बालबालिकाको खण्डीकृत शैक्षिक तथ्याङ्क अद्यावधिक गरी तथा गर्न लगाइ प्रदेश तथा केन्द्रमा नियमित रूपमा पठाउने, अद्यावधिक गर्ने गराउने।
- प्रारम्भिक बाल शिक्षा तथा विद्यालय शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक शिक्षा, निरन्तर सिकाइ एवम् विशेष शिक्षा सञ्चालनको योजना तथा कार्यान्वयन गर्ने, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तथा कार्यान्वयन गर्ने।
- विद्यालय सञ्चालन तथा शैक्षिक कार्यक्रम कार्यान्वयनका लागि स्रोतको बाँडफाँड गर्ने गराउने।
- माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन गर्ने।
- सेवा क्षेत्रभित्रको विद्यालय नक्साङ्कन गरी सोको आधारमा विद्यालय खोल्न अनुमति प्रदान गर्ने, कक्षा थप गर्ने, विद्यालय सार्ने, दुई वा दुई भन्दा बढी विद्यालय एक आपसमा गाभ्ने, विद्यालयको नाम परिवर्तन गर्ने।
- विद्यालयहरूको भौतिक एवम् चल सम्पत्तिको अभिलेख अद्यावधिक गरी राख्ने राख्न लगाउने, विद्यालयको सम्पत्ति संरक्षण गर्ने गर्न लगाउने।
- सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारी व्यवस्थापन गर्ने, सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा विद्यालय कर्मचारीको पदस्थापन, सरुवा तथा बढुवा सम्बन्धी कार्य गर्ने, स्वीकृत दरबन्दी अनुसार स्वीकृत गराइ तलबभत्ता निकासा दिने।
- विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको बिदाको अभिलेखीकरण अद्यावधिक गर्न लगाउने, विद्यालयले स्वीकृत गर्ने बाहेकका अन्य बिदाहरू स्वीकृत गर्ने।
- वार्षिक रूपमा विद्यार्थी सङ्ख्याको अनुपातमा शिक्षक कर्मचारी दरबन्दी मिलान गर्ने, विद्यालयहरूमा न्यूनतम शिक्षक दरबन्दी उपलब्ध गराउने व्यवस्था गर्ने।
- विद्यालयहरूको समूह विभाजन गरी स्रोतकेन्द्र निर्धारण गर्ने र स्रोतकेन्द्रबाट विद्यालयको निरीक्षण, शिक्षकको तालिम तथा अन्य शैक्षिक क्रियाकलाप सञ्चालन गर्ने गराउने।
- विद्यालय शिक्षाको गुणस्तर बढाउन प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समिति, अभिभावक तथा अन्य सरोकारवालाहरूको नियमित रूपमा बैठक, गोष्ठी वा तालिमको व्यवस्था गर्ने।
- भौतिक पूर्वाधार निर्माण तथा मर्मत सम्भार गर्ने, विद्यालयहरूमा न्यूनतम रूपमा हुनुपर्ने भनी तोकिएका मापदण्ड बमोजिम विद्यालयहरूमा पूर्वाधार पूरा गर्ने, गर्न लगाउने।
- पाठ्यक्रम तथा पाठ्यसामग्री वितरण गर्ने, स्थानीय विषय वा अंशको पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गर्ने गराउने।
- आधारभूत तहको परीक्षा व्यवस्थापन गर्ने गराउने, विद्यार्थी सिकाइ उपलब्धि परीक्षण र व्यवस्थापन गर्ने, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्ति व्यवस्थापन गर्ने।
- शैक्षिक परामर्श सेवाको अनुमति तथा नियमन गर्ने, स्थानीय शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवर्द्धन एवम् स्तरीकरण गर्ने।
- स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन र व्यवस्थापन गर्ने।
- शिक्षा सम्बन्धी कार्य गर्दा नगर वा गाउँ कार्यपालिकाका प्रमुख वा अध्यक्षको सुपरीवेक्षण तथा निर्देशनको अधीनमा रही कार्य सम्पादन गर्ने।

मा. गोपालमान श्रेष्ठ
उपप्रधानमन्त्री एवम् शिक्षा मन्त्री